# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मितिः २०८२।१२।२२ गते ।

# प्रेस विज्ञप्ति

## विषयः आरोपपत्र दायर गरिएको ।

जिल्ला धनुषा, बृहत्तर जनकपुर क्षेत्र बिकास परिषदले आ.व. २०७६/०७७ मा **पोर्टेवल शौचालय** ५० थानको लागि विनियोजित रकम खरिद ऐन विपरीत प्रतिस्पर्धा बिना सोझै खरिद गरी भ्रष्टाचार गरेको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा बृहत्तर जनकपुरक्षेत्र बिकास परिषदका तत्कालीन अध्यक्ष शालीग्राम सिंह, कार्यकारी निर्देशक बलराम ठाकुर, प्रशासकीय अधिकृत चिरंजिविराज शर्मा ढुङ्गाना, लेखापाल सावित्री कुमारी गिरी, ईशिता ट्रेडर्स र सोका प्रोपाईटर पशुपति नाथ पाठकसमेतले आपसी मिलेमतो तथा योजनामा आफूसमेतलाई गैरकानुनी लाभ तथा नेपाल सरकार/वृहत्तर जनकपुरक्षेत्र विकास परिषद्लाई गैरकानुनी हानी पुऱ्याउने बदनियतले आ.व. २०७६।०७७ मा पोर्टेवल शौचालय मालसामान खरिद कार्य गर्दा गराउँदा सार्वजनिक खरिद ऐन, नियमावली प्रतिकूल हुने गरी रू.५५,००,०००।— बराबर मूल्यको पोर्टेवल ट्वाईलेट अमानतमा खरिद गर्ने गराउने गरी निर्णय गरे गराएको देखिएको, स्पेशिफिकेसन र लागत अनुमान तयार नै नगरी नगराई आफ्नो कसुरजन्य कार्य ढाकछोप गर्न गराउनको लागि स्पेशिफिकेसन तथा लागत अनुमानको झुट्टा तथा गलत लिखत तयार गरे गराएको देखिएको, साथै बृहत्तर जनकपुरक्षेत्र विकास परिषदलाई आवश्यक रहेको पोर्टेवल शौचालयसँग मिल्ने सोही प्रकृतिको सामग्री उपलब्ध गराउने ईशिता ट्रेडर्स बाहेक अन्य आपूर्तिकर्ता नभएको प्रमाणित गर्ने बजार सर्वेक्षण, लिखित प्रमाण एवं अन्य फर्मबाट असमर्थता पत्र कुनै दस्तावेज संलग्न नदेखिएको तथा एकल आपूर्तिकर्ता भएको विशेष अधिकार, अधिकृत एकल एजेन्ट लगायतको प्रमाणित हुने आधार/प्रमाण नदेखिएकोबाट प्रचलित कानुन विपरीत मिति २०७६।०८।१० मा ईशिता ट्रेडर्ससँग **PORTABLE TOILET SHELTER Quantity ५० Piece** खरिदका लागि दररेट माग गरे गराएको देखाई मिति २०७६/०८/१५ गते प्रज्ञापन पत्र नं. **M**९६२२ बाट ५० वटा जम्मा मुल्य करिब रू.४२,१६,५००।—मा पूर्व योजना बमोजिम आपूर्ति गरे गराएकोमा मिति २०७६/०८/१८ गते टिप्पणी स्वीकृत गरी गराई सोही मितिमा ईशिता ट्रेडर्सको तर्फबाट प्रो. पशुपतिनाथ पाठक र परिषदका तर्फबाट कार्यकारी निर्देशक बलराम ठाकुर बीच अस्वभाविक मूल्य रू.५४,९९,९९९।— रकममा सोझै खरिद सम्झौता गरे गराएको तथा गलत लिखत तयार गरी गराई बैङ्क जमानत नै नलिई लिन नलगाई भुक्तानी लिए दिएको देखिंदा उक्त कार्यमा संलग्न देहायबमोजिमका प्रतिवादीहरूउपर देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं. | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | बृहत्तर जनकपुर क्षेत्र बिकास परिषदका तत्कालीन अध्यक्ष **शालीग्राम सिंह** | रू.५४,९९,९९९।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसुरमा बिगो रू. चवन्न लाख उनान्सय हजार नौ सय उनान्सय रूपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन २०५९ (संशोधन |

| | | | |
|---|---|---|---|
| | | | सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन साथै निज बृहत्तर जनकपुरक्षेत्र विकास परिषदको अध्यक्ष पदमा रहेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुनसमेत मागदाबी लिइएको छ। |
| २. | बृहत्तर जनकपुर क्षेत्र बिकास परिषदका तत्कालिन कार्यकारी निर्देशक **बलराम ठाकुर**, तत्कालीन प्रशासकीय अधिकृत **चिरंजिविराज शर्मा ढुङ्गाना** र तत्कालीन लेखापाल **सावित्री कुमारी गिरी** | **जनही**<br>रू.५४,९९,९९९।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. चवन्न लाख उनान्सय हजार नौ सय उनान्सय) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन २०५९ (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुनसमेत मागदाबी लिइएको छ। |
| ३. | **ईशिता ट्रेडर्स र सोका प्रोपाइटर पशुपति नाथ पाठक** | रू.५४,९९,९९९।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसुरजन्य कार्य नगद तथा अन्य गैरकानुनी लाभ लिने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुँदा मुख्य कसुरदारहरूलाई बिगो रू. चवन्न लाख उनान्सय हजार नौ सय उनान्सय रूपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन २०५९ (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुने सजायलाई आधारमानी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक बाँक्याश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

सहायक प्रवक्ता
गणेश बहादुर अधिकारी